# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १६ गते २०१३ साल


### पब्लिक्क सर्भिस कमिशनको विज्ञापन नं. १०

८।६।०१३।

स्थानीय स्वायत्त शासन मन्त्रालयअन्तर्गत भक्तपुर नगरपालिकालाई एक जना ओभरसियर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी २०१३ साल माग १० गते रोज १ सम्म तलको ठेगानामा पुग्ने गरी मो. रु. ११५० नगद वा त्यतिको नेपाली टिकटसहित दरखास्त दिनुहोला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तमा विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

१. पदः–ओभरसियर, नन् गजेटेड, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्ताः—ओभरसियर पास।

३. विशेष योग्यताः—अनुभवी।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 225

४. मासिक तलबको स्केल र भत्ताः—मो. रु. १४०।—२८०। महँगी भत्ता मो. रु. २०।

५. अभ्यास अवधि :– १ वर्ष ।

आज्ञाले—
खड्गमान मल्ल, एम. ए.
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ११

८–६–०१३

स्थानीय स्वायत्त शासनमन्त्रालयअन्तर्गत काठमाडौं नगरपालिकाको स्यानिटेशन फाँटलाई एकजना डाक्टर चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा भरी २०१३ साल मार्ग १० गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी मो. रु. १।५० नगदै वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तमा विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढा, गौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छ । —

१. पदः– डाक्टर, ननगजेटेड, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– एल्. एम्. एफ्. वा सोसरहको पास ।
३. विशेष योग्यताः– स्यानिटेशन पब्लिक हेल्थसम्बन्धी काम राम्रो जानेको ।
४. मासिक तलब स्केल र भत्ताः– तलब मो. रु. १४०। महँगी भत्ता मो. रु. २०।
५. अभ्यास अवधिः– ६ महिना ।

आज्ञाले—
खड्गमान मल्ल, एम्. ए.
सेक्रेटरी,– पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं, नेपाल.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १३ क।१२

८-६-०१३

शिक्षामन्त्रालयअन्तर्गत पुरातत्व आर्कियोलजी विभागलाई तपसीलबमोजिमका ४ जना अफिसर कर्मचारीहरूचाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा भरी २०१३ साल मार्ग १० गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी पद [क] को लागि मो. रू. ३। नगदै वा त्यतिको नेपाली टिकट र पद [ख] र [ग] का लागी मो. रू. १। नगदै वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नुहोला। फी दस्तुर नभएका र म्याद नाघी आएका दरखास्तमा विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गौंस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छन्ः—

१. पदः– [क] एक जना फिल्ड एक्सक्याभेटर, गजेटेड, स्थायी तथा पेन्सन पाइने।

[ख] एक जना सब ओभरसियर, स्थायी तथा पेन्सन पाइने।

[ग] दुइ जना पण्डित, स्थायी तथा पेन्सन् पाइने।

२. आवश्यक न्यूनतम योग्यताः–[क]लाई बी.ए. वा सो सरहको योग्यता भएको र कमसेकम ३ वर्ष फिल्ड एक्सक्याभेटर काम गरेको वा पुरातत्व विषयमा कुनै ठोस मान्य र प्रामाणिक काम गरेको।

[ख] लाई सब–ओभरसियर पास भएको ड्राफ्ट गर्न राम्रो जान्ने र नेपालको इतिहासमा अभिरुचि भएको भए बढिया।

[ग] लाई पुरानो प्राचीन लिपिहरू र शिलापत्रहरूको अध्ययन र अध्यापन गर्नु पर्ने भएकोले नेपालाक्षर, भुजीमोल रञ्जना, गुप्ताक्षर र भोटे अक्षरजान्ने एवं संस्कृत भाषाको समेत ज्ञान भएको।

३. मासिक तलबको स्केल र भत्ताः– [क] लाई मो.रु. १८०।–३६० र महंगी भत्ता मो.रु. २०।

[ख] र [ग] लाई मो.रु. ७०।–१३०। र महँगी भत्ता मो.रु. १२।५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कामः- [क] ले खनाई खोदाइको काममा निरीक्षण गर्ने उपलब्ध ब-
स्तुहरूको अध्ययन गर्ने ।

[ख] ले ऐतिहासिक स्थानहरूको संरक्षण, खनाई खोदाई गर्ने
ठाउँका नक्कल नक्सा लगत एस्टिमेट इत्यादि गर्ने ।

[ग] ले प्राचीन लिपिहरू लेख्न पढ्न सिकाउने शिलापत्र तामा-
पत्र इत्यादि संकलन र संरक्षण गर्ने ।

५. काम गर्नु पर्ने ठाउँः- [क] र [ख] ले शुरुमा उपत्यकाञ्चलभित्र काम
गर्ने भए पनि ऐतिहासिक खनाई खोदाई कहीं आवश्यक
परेमा जहाँगएर पनि नेपाल राज्यभर गै गर्नु पर्छ ।

[ग] ले शिलापत्र तामापत्रहरूको ठाउँमा जहाँ पनि खटाएको
बेला खटाएको ठाउँमा गै काम गर्नु पर्छ ।

आज्ञाले—

खड्गमानमल्ल, एम्. ए.

सेक्रेटरी,- पब्लिक सर्भिस कमिशन

सिंहदरबार, काठमाडौं, नेपाल.

# पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १९

यस नेपाल पब्लिक सर्भिस कमिशनलाई तपसीलबमोजिम एक सीनियर क्लर्क र एक जुनियर क्लर्क चाहिएका छन् । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं.१ [२०१०] मा आफ्नो विवरण स्पष्ट खोली २०१३ कार्तिक २१ गते रोज ३ सम्ममा तलको ठेगानामा पुग्ने गरी मो. रु. १। एक नगदै वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला । फी दस्तुर नभएको र म्यादभित्र दाखिल नभएको दरखास्तउपर विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छन्ः—

१. पदः- [क] एक सीनियर क्लर्क करीब २ वर्षको अस्थायी ।

[ख] एक जुनियर क्लर्क करीब ४ वर्षको अस्थायी ।

यी दुवै पदमा भर्ना भएका व्यक्ति पछि स्थायी हुने सम्भावना
पनि छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः— [क] तथा [ख] दुवैलाई निजामतीमा मध्यम परीक्षा वा अंग्रेजीमा एस्. एल. सी. परीक्षा वा संस्कृतमा पूर्वमध्यमा परीक्षा वा तत्सम अरू भाषामा उत्तीर्ण र [क] पदका निमित्त मात्र अड्डाखानामा कमसेकम २ वर्ष काम गरेको अनुभव समेत हुनुपर्छ।

३. मासिक तलब भत्ता गरी जम्माः— [क] लाई मो. रु. ७५।
[ख] लाई मो. रु. ५५।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी–पब्लिक सर्भिस कमिशन.
सिंहदरबार, काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।